नेपाल सरकार

अर्थ मन्त्रालय

सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

२०८३ असार मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदन

१. सार्वजनिक ऋण दायित्वको अवस्था


आर्थिक वर्ष २०८२/८३ को सुरुमा कुल सार्वजनिक ऋण रु. २६ खर्ब ७४ अर्ब ०४ करोड रहेकोमा २०८३ असार मसान्तसम्ममा विनिमय दरमा भएको नोक्सानी सहित रु. ३ खर्ब ८५ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु. २९ खर्ब ७४ अर्ब ९० करोड पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४५.०७ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा असार मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३.७७ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४६.२३ प्रतिशत रहेको छ।

तालिका १: सार्वजनिक ऋणको दायित्व स्थिति

रु. करोडमा

सि.नं.	ऋणको विवरण	सुरु मौज्दात (२०८२ श्रावण १)	२०८२/८३ को असार मसान्तसम्मको प्राप्ति	२०८२/८३ को असार मसान्तसम्मको भुक्तानी (व्याज बाहेक)	विनिमय नाफा/नोक्सान	जम्मा तिर्न बाँकी ऋण	कुल गार्हस्थ उत्पादनको आधारमा ऋण प्रतिशत
	जम्मा ऋण दायित्व	२६७,४०४.७७	४४,७१६.८८	३१,३३१.७५	-१६,७००.२५	२९७,४९०.१५	४५.०७
१	जम्मा आन्तरिक ऋण दायित्व	१२६,८२२.४१	३५,८६६.६९	२५,१४७.५२	०.००	१३७,५४१.५८	२०.८४
१.१	आन्तरिक ऋण दायित्व	१२६,३०६.४६	३५,८६६.६९	२५,०५६.१२	०.००	१३७,११७.०३	
१.२	प्रमिशरी नोट (अन्तराष्ट्रिय मुद्राकोष मूल्य समायोजन)	५१५.९६	०.००	९१.३९७२	०.००	४२४.५६	
२	वाह्य ऋण दायित्व	१४०,५८२.३६	८,८५०.१९	६,१८४.२३	-१६,७००.२५	१५९,९४८.५७	२४.२३

* IMF Value Adjustment बापत भुक्तानी भएको रकम आन्तरिक ऋणको Outstanding मा घटाइएको।




२. सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

आर्थिक वर्ष २०८२/८३ मा जम्मा रु ५ खर्व ९५ अर्ब ६६ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा असार मसान्तसम्ममा रु. ४ खर्ब ४७ अर्ब १८ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ७५.०७ प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक र बाह्य ऋण प्राप्तिको प्रगति क्रमश ९९.०८ र ३७.८८ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ८०.२१ र १९.७९ प्रतिशत रहेको छ।

तालिका २: सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति स्थिति रु. करोडमा

सि.नं.	ऋणको विवरण	२०८२/८३ को वार्षिक लक्ष्य	२०८२/८३ को असार मसान्त सम्मको प्राप्ति	प्राप्ति गर्न बाँकी	लक्ष्यको आधारमा प्राप्ति प्रतिशत	प्राप्तिमा आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा
	जम्मा सार्वजनिक ऋण	५९,५६६.३१	४४,७१६.८८	१४,८४९.४३	७५.०७	१००.००
१	आन्तरिक ऋण	३६,२००.००	३५,८६६.६९	३३३.३१	९९.०८	८०.२१
२	वाह्य ऋण	२३,३६६.३१	८,८५०.१९	१४,५१६.१२	३७.८८	१९.७९




३. सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यर्थाथ खर्च

आर्थिक वर्ष २०८२/८३ मा ऋण सेवा खर्चमा रु ४ खर्व ११ अर्ब १ करोड बजेट विनियोजन भएकोमा असार मसान्तसम्म रु ३ खर्ब ८६ अर्व २२ करोड भुक्तानी भएको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ९३.९७ प्रतिशत हो। कुल गार्हस्थ उत्पादनको आधारमा असार मसान्तसम्ममा कुल ऋण सेवा खर्च ५.८५ प्रतिशत रहेको छ।

तालिका ३: सार्वजनिक ऋणको साँवा र व्याज भुक्तानीको बजेट र यथार्थ खर्च स्थिति रु. करोडमा

सि.नं.	ऋणको विवरण	वार्षिक संशोधित बजेट	२०८२/८३ को असार मसान्तसम्मको भुक्तानी	बाँकी बजेट	खर्च प्रतिशत	कुल गार्हस्थ उत्पादनको आधारमा ऋण सेवा खर्च प्रतिशत
१	जम्मा सार्वजनिक ऋण सेवा	४१,१०१.०३	३८,६२२.७०	२,४७८.३३	९३.९७	**५.८५**
२	आन्तरिक ऋण भुक्तानी	३४,३५५.८७	३१,१९३.९३	३,१६१.९४	९०.८०	**४.७३**
	साँवा भुक्तानी	२५,०५९.७३	२५,०५६.१२	३.६१	९९.९९	**३.८०**
	व्याज भुक्तानी	८,३३४.१४	६,१३७.८१	२,१९६.३३	७३.६५	**०.९३**
३.	वाह्य ऋण भुक्तानी	७,७०७.४५	७,४२८.७७	२७८.६८	९६.३८	**१.१३**
	साँवा भुक्तानी	६,२८६.००	६,१८४.२३	१०१.७७	९८.३८	**०.९४**
	व्याज भुक्तानी	१,४२१.४५	१,२४४.५४	१७६.९१	८७.५५	**०.१९**
४	जम्मा साँवा खर्च	३१,३४५.७३	३१,२४०.३५	१०५.३८	९९.६६	**४.७३**
५	जम्मा व्याज खर्च	९,७५५.५९	७,३८२.३५	२,३७३.२४	७५.६७	**१.१२**




४. खुद ऋण परिचालन

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा सार्वजनिक ऋणको कुल वृद्धि ३ खर्ब ८५ करोड भएकोमा खुद परिचालन १ खर्ब ३३ अर्ब ८५ करोड रहेको छ। यस अवधिमा सार्वजनिक ऋण वृद्धि ११.२५ प्रतिशत भएको साथै, कुल ऋण वृद्धिमा खुद ऋण परिचालनको अंश ४४.४९ प्रतिशत भएको देखिन्छ। विदेशी विनिमय घाटा कुल ऋण वृद्धिको तुलनामा ५५.५१ प्रतिशत रहेको र विदेशी विनिमय घाटाका कारण आ.व.को प्रारम्भमा भएको सार्वजनिक ऋणमा ६.२४ प्रतिशत वृद्धि भएको छ।

तालिका ४: खुद ऋण परिचालन स्थिति रु. करोडमा

सि.न.	ऋणको विवरण	सुरु मौज्दात (२०८२ श्रावण १)	२०८२/८३ को असार मसान्त सम्मको प्राप्ति	२०८२/८३ को असार मसान्तसम्मको भुक्तानी (व्याज बाहेक)	विनिमय नाफा/नोक्सान (साँवा भुक्तानीमा)	२०८२/८३ को असार मसान्तसम्ममा तिर्न बाँकी सार्वजनिक ऋण	ऋणको खुद परिचालन	कुल वृद्धि	खुद ऋण परिचालनको तुलनामा ऋण वृद्धि प्रतिशत
	जम्मा ऋण दायित्व	२६७,४०४.७७	४४,७१६.८८	३१,३३१.७५	(१६,७००.२५)	२९७,४९०.१५	१३,३८५.१३	३०,०८५.३९	४४.४९
१	आन्तरिक ऋण दायित्व	१२६,८२२.४१	३५,८६६.६९	२५,१४७.५२	०.००	१३७,५४१.५८	१०,७१९.१७	१०,७१९.१७	१००.००
२	वाह्य ऋण दायित्व	१४०,५८२.३६	८,८५०.१९	६,१८४.२३	(१६,७००.२५)	१५९,९४८.५७	२,६६५.९६	१९,३६६.२१	१३.७७

चित्र ४ : खुद ऋण परिचालन स्थिति



५. आ.व. २०८२/८३ मा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

तालिका ५: सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण रु. करोडमा

सि.नं.	ऋण सेवा स्थिति	श्रावण	भाद्र	असोज	कार्तिक	मंसिर	पुष	माघ	फागुन	चैत्र	वैशाख	जेष्ठ	असार	जम्मा
१	आन्तरिक ऋण भुक्तानी	३,२५८.७०	३,५४४.२६	२,८३८.१९	३,५२४.५६	६०२.३५	१,७४५.५४	१,५४७.४४	३,४१९.१२	४५७.८५	२,६८१.५०	४,९०२.३६	२,६७२.०७	३१,१९३.९३
१.१	साँवा भुक्तानी	२,७१०.००	२,९३०.००	२,३७५.००	३,२११.००	२००.००	१,२५०.००	१,०००.००	२,७०१.५३	०.००	२,१८९.००	४,३९४.२०	२,०९५.३९	२५,०५६.१२
१.२	व्याज भुक्तानी	५४८.७०	६१४.२६	४६३.१९	३१३.५६	४०२.३५	४९५.५४	५४७.४४	७१७.५९	४५७.८५	४९२.५०	५०८.१६	५७६.६८	६,१३७.८१
२	वाह्य ऋण भुक्तानी	४४४.६९	६५५.२६	३२१.९०	५७५.३३	९३६.३३	२६५.६१	१०५.४५	४४२.१३	१,१५९.६८	७२६.३३	१,०२०.१६	७७५.९०	७,४२८.७७
२.१	साँवा भुक्तानी	३४५.११	५२२.००	२४२.४८	४९९.५६	७९५.५८	२०८.६६	६२.७०	३६६.३४	९९६.५९	५८६.९७	८५८.९२	६९९.३३	६,१८४.२३
२.२	व्याज भुक्तानी	९९.५८	१३३.२६	७९.४३	७५.७७	१४०.७५	५६.९५	४२.७५	७५.७९	१६३.०९	१३९.३६	१६१.२४	७६.५७	१,२४४.५४
३	ऋण प्राप्ति	४,४६६.६१	३,६१८.७६	२,३४१.३८	३,८३६.९७	३,५५२.४६	३,६४३.४६	४,१०५.६४	४,५२५.२४	४,८४१.३२	१,८३९.४४	५,३०७.०९	२,६३८.५१	४४,७१६.८८
३.१	आन्तरिक ऋण प्राप्ति	४,०००.००	३,०००.००	२,०००.००	३,०००.००	२,७६६.६९	३,०००.००	४,०००.००	२,६००.००	४,०००.००	१,५००.००	४,०००.००	२,०००.००	३५,८६६.६९
३.२	वाह्य ऋण प्राप्ति	४६६.६१	६१८.७६	३४१.३८	८३६.९७	७८५.७७	६४३.४६	१०५.६४	१,९२५.२४	८४१.३२	३३९.४४	१,३०७.०९	६३८.५१	८,८५०.१९

द्रष्टव्य:

१. वैदेशिक ऋण प्राप्ति तर्फ प्राप्त भैसकेको Disbursement Letter को आधारमा अभिलेख राखिएकोले प्रतिवेदन पश्चात प्राप्त हुने Disbursement Letter को अभिलेख प्रविष्ट गर्दा प्रतिवेदन गरिएको मासिक बाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।(२०२६ जुलाई २० सम्ममा दातृ निकायले कार्यालयमा पठाएको Disbursement प्रतिवेदन अनुसारको विवरण समावेश गरिएको, सोही आ.व. अवधिको विवरण वार्षिक प्रतिवेदन तयार हुँदासम्म प्राप्त भएमा समेत वार्षिक प्रतिवेदनमा समावेश हुने।)

२. सम्वत् २०८३ वैशाख १५ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित आर्थिक वर्ष २०८२/८३ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कमा गणना गरिएको कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।

QR - Link for Monthly Report